# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असोज १५ गते २०४० साल (अतिरिक्ताङ्क ३३

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट स्पेन अधिराज्यको राजकीय भ्रमण र बाटोमा पर्ने अन्य केही मित्रराष्ट्रहरूको भ्रमण पूरा गरिबक्सी स्वदेश फिरिबक्सँदा २०४० साल असोज १५ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. स्पेनको राजकीय भ्रमण तथा बाटोमा पर्ने अन्य केही मित्रराष्ट्रहरूको भ्रमण पूरा गरी आज स्वदेश फर्किंदा हामीलाई हर्ष लागेको छ। यस भ्रमणको सिलसिलामा हामीले स्पेनका नरेश र महारानी लगायत स्पेनका नेताहरूसँग व्यक्तिगत सम्पर्क स्थापना गर्नुको साथै आपसी हितका विषयहरू तथा अन्तर्राष्ट्रिय समस्याहरूबारे विचार विमर्श गर्ने अवसर पायौं। फलस्वरूप यस भ्रमणबाट स्पेनसितको हाम्रो मैत्री सम्बन्ध सुदृढ हुन गएको छ। नेपालको शान्तिक्षेत्र प्रस्तावप्रति स्पेनले जनाएको समर्थनका साथै स्पेनमा हामीप्रति दर्शाइएको स्नेहपूर्ण स्वागत र आतिथ्यको सम्झना चीरकालसम्म हामी साँची राख्नेछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८१६

२. स्पेनका अतिरिक्त हामीले बाटोमा पर्ने मित्रराष्ट्रहरू सउदी अरेबिया, इटली, माल्टा, अरब गणतन्त्र इजिप्ट, संयुक्त अरब इमिरेट्स तथा माल्दिभ्सको पनि भ्रमण गऱ्यौं। भ्रमणको यस क्रममा हामीले पाकिस्तानका राष्ट्रपति महम्मद जियाउल-हक, इटलीका राष्ट्रपति अलेसान्द्रो पर्टिनी, पोप जोन पोल द्वितीय, माल्टाका राष्ट्रपति अगाथा बारबरा, इजिप्टका राष्ट्रपति मोहम्मद होस्नी मुबारक, संयुक्त अरब इमिरेट्सका राष्ट्रपति हिज हाइनेस सेख जियाद बिन सुल्तान अल नहायान तथा माल्दिभ्सका राष्ट्रपति मौमून अब्दुल गयुमसँग भेटी विभिन्न अन्तर्राष्ट्रिय मामिला तथा आपसी हितका विषयमा मैत्रीपूर्ण विचारहरूको आदान प्रदान गऱ्यौं। नेपालको शान्तिक्षेत्रको प्रस्तावको स्वागत र समर्थन हामीले भ्रमण गरेका सबैजसो देशहरूबाट भएको मात्र होइन यस किसिमको सम्पर्कबाट नेपाल र ती राष्ट्रहरूबीच रही आएको आपसी समझदारी र सहयोगको भावनामा वृद्धि पनि भएको छ।

३. वास्तवमा यस भ्रमणले हामी नेपालीहरूको अन्तर्राष्ट्रिय सम्बन्धमा एक नौलो आयाम थपेको छ। स्वतन्त्रता, असंलग्नता र सबै शान्तिप्रिय देशहरूसँग मित्रता गाँस्ने हाम्रो नीतिलाई कायम राख्नसके हाम्रो आफ्नो देशको आदर्श र सोचाइसँग मिल्ने अनेक असल कुराहरू सिकेर हामी नेपालको हितको सम्बर्द्धन गर्न सक्छौं भन्ने कुरामा हामी विस्वस्त छौं।

४. स्पेन भ्रमण तथा अन्य मित्रराष्ट्रहरूको भ्रमणका अवसरमा हामीले जे जति स्वागत, सत्कार र सद्भावना पायौं ती सबै नेपाली जनताप्रति दर्शाइएको सद्भावनाको द्यौतक हो भन्ने हाम्रो धारणा छ। त्यसको लागि स्पेनका नरेश, महारानी तथा सरकार र त्यहाँका जनता लगायत अन्य मित्रराष्ट्रहरूको राष्ट्राध्यक्ष, सरकार प्रमुख एवम् जनतालाई धन्यवाद ज्ञापन गर्छौं।

५. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानून बमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं। अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको वृहत् हितलाई हृदयङ्गम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४९८